# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, असोज २५ गते २०५४ साल (अतिरिक्ताङ्क ३५ (ख)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विजयादशमीको शुभ उपलक्ष्यमा २०५४ साल असोज २५ गते देशवासीको नाममा बक्सेको सन्देश

प्यारा देशवासीहरू

राष्ट्रिय चाड बडादशैंको शुभ उपलक्ष्यमा समस्त नेपाली तथा हिन्दूहरूको सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

विजया दशमी मान्यजनप्रति आदर सम्मान गर्ने र एक आपसमा भ्रातृत्व, प्रेम, सहयोग र सद्भावनाको अभिवृद्धि गर्ने पवित्र चाड हो । हाम्रा गाउँ र शहर, दुर्गम र सुगम जहाँसुकै बस्ने नेपालीले पनि आ-आफ्नो अधिकार निर्बाध रूपमा उपभोग गर्न पाऊन्, सबैलाई समानरूपमा न्याय प्राप्त होओस्, प्रत्येकले आफू सुरक्षित छु भन्ने महशुस गर्न सकून् तथा अधिराज्यका सबै क्षेत्रको सन्तुलित विकास होओस् भन्नेतर्फ आज सबै लाग्नु परेको छ । असत्यमाथि सत्यको विजय हुन्छ भन्ने कुरामा विश्वास राख्ने हामी सबै नेपालीलाई देशको गौरव कायम राख्दै राष्ट्रिय एकताको भावनालाई अझ सुदृढ तुल्याउनका लागि श्री नवदुर्गा भवानीले शक्ति प्रदान गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

२५२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।